# नेपालको सङ्घीय प्रणाली उन्मुख सङ्क्रमणको व्यवस्थापन

## अवधारणा पत्र

# अध्ययनको उद्देश्य

- सङ्क्रमणकालको सन्दर्भमा नीतिगत विकल्पहरू प्रस्ताव गर्नु र नयाँ संवैधानिक व्यवस्थाहरूको कार्यान्वयन ।
- सङ्क्रमणकालसम्बन्धी मुद्दाहरूमा काम गरिरहेका विभिन्न संघसंस्थाहरुको नक्साङ्कन गर्नु र कार्यान्वयनसम्बन्धी (दोहोरिने तथा खप्टिनजाने) विषयहरूको पहिचान गर्नु ।
- नेपालको नयाँ सङ्घीय संरचनाको सन्दर्भमा सरकारका विभिन्न निकायहरुलाई तोकिएका कामकर्तव्यहरूको विश्लेषण गर्नु ।

# महत्वपूर्ण विषयहरू

- नयाँ प्रणालीले प्रान्तहरूबीच प्रतिस्पर्धा बढाउन सहयोग पुऱ्याउनेछ, जसले अन्ततः विकासलाई प्रवर्धन गर्दछ ।
- प्रान्तहरूका स्रोत साधनहरू उचित रूपमा उपयोग गरिनेछन् ।
- प्रान्तहरूले आफ्ना विकासका गतिविधिहरूका लागि केन्द्रलाई पर्खिरहनु पर्दैन । यसले गर्दा विकासको गति चाँडो हुनेछ ।
- प्रान्तहरू आत्मनिर्भर बन्न जान्छन् ।

# सिहांवलोकन गरिएका सम्बन्धित विषयगत समितिहरू

- राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समिति
- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति
- न्याय प्रणालीसम्बन्धी समिति

# विषयगत समितिका प्रतिवेदनहरूमाथि टिप्पणी

- केही प्रतिवेदनहरू अझैपनि अवधारणा पत्रकै स्वरूपमा पाइएको र तिनको थप व्याख्या आवश्यक रहेको ।
- विषयगत प्रतिवेदनहरू राजनीतिक झुकावमै बढी आधारित भएको आममानिसको बुझाइ ।
- प्रस्तुत प्रतिवेदनहरूमा उल्लेखित रणनीति तथा सिफारिसहरूको कार्यान्वयन पक्षमा ज्यादै कम ध्यान दिइएको ।
- विषयगत प्रतिवेदनहरू सार्वजनिक छलफल / बहसका लागि प्रस्तुत नगरिएको ।

# निश्चित मुद्दाहरू

- अन्तरिम संविधानमा जनताको सहभागिताको कुनै व्यवस्था नगरिएको र नयाँ संविधान समयमा आएन भने के हुने भन्नेबारे स्पष्ट व्यवस्था नभएको ।
- नयाँ संविधान लेखन प्रक्रियामा भएको ढीलो गतिको प्रगतिले सङ्घीयतामा जाने विषयमै शंका उब्जाउनुका साथै सो का लागि तयारी प्रक्रियामा समेत उत्साहको अभाव रहेको पाइन्छ । नयाँ संविधानको सफलता वा विफलता धेरै हदसम्म सङ्घीयतातर्फको सफल सङ्क्रमणमा निर्भर गर्दछ ।
- सङ्घीयतातर्फको सङ्क्रमणलाई लोकतान्त्रिक मूल्य मान्यताहरूद्वारा निर्देशन र व्यवस्थापन गर्ने कार्यमा संविधानसभाले महत्वपूर्ण भूमिका निभाउनुपर्ने कुरा सुनिश्चित गर्नु चुनौतीपूर्ण छ ।

# निश्चित मुद्दाहरू

- सङ्घीय संरचना अघि बढाउने सवालमा संविधानसभा र सरकारी निकायहरूबीच संवाद तथा विचार आदान प्रदान गर्ने कार्यमा ज्यादै ठूलो अभाव देखिन्छ ।
  – कार्यान्वयन गराउने निकायहरूलाई यी प्रतिवेदनहरूलाई अझैपनि उपलब्ध गराइएका छैनन् र यिनमा तिनीहरूको स्वामित्वको समेत अभाव देखिन्छ ।
  – यसले गर्दा अन्तरिम व्यवस्थापनमा ढिलाइ गराउनुका साथै भ्रम सिर्जना गर्न सक्दछ, किनभने सङ्क्रमणकाल व्यवस्थापनबारे कार्यान्वयनकर्ताहरु आफ्नो भूमिकाबारे स्पष्ट छैनन् ।

# निश्चित मुद्दाहरू

- नयाँ प्रणालीतर्फको सङ्क्रमणका लागि राजनैतिक नेतृत्व ज्यादै महत्वपूर्ण हुन्छ ।
  - अन्तरवार्ता गरिएका सबै कर्मचारी सहभागीहरूले सरकारको पक्षमा राजनैतिक नेतृत्वको अभाव रहेको विचार व्यक्त गरेका थिए ।
  - हेर्दाखेरि सबै निकायहरू जिम्मेवार रहेको जस्तो देखिन्छ तर कुनैपनि एक निकायलाई नेतृत्वदायी भूमिका तोकिएको छैन ।
  - राज्य पुनर्संरचनाको विषयले उच्च प्राथमिकता पाउन सकेको छैन ।
  - प्रमुख राजनैतिक दलहरू राज्य पुनर्संरचनाको मुद्दामा गम्भीर रहेका देखिंदैनन् । ।

# निश्चित मुद्दाहरू

- राज्य पुनर्संरचनासम्बन्धी सरकारका प्रयासहरूप्रति संविधानसभाका सदस्यहरूले राख्ने संवेदनशील दृष्टिकोणलाई पनि उच्च महत्वका साथ हेरेको पाइयो । यसका कारण सम्बन्धित संस्थाहरूमा उदासीनता हुन गएको भन्ने पाइयो ।
- स्पष्ट रणनीतिका साथ उचित तरिकाले योजनाबद्ध गरिएन भने सङ्घीयता निकै विवादास्पद र चुनौतीपूर्ण हुन जान्छ । त्यसरी विचार मन्थन गरी तयार पारिएको कार्यान्वयन योजनाको प्रारूप अझै बन्न सकेको छैन ।

# निश्चित मुद्दाहरू

- यी विषयहरूलाई सम्बोधन गर्न सरकारले एक द्वार संयन्त्र बनाउनु पर्दछ । उदाहरणका लागि अन्य महत्वपूर्ण निकायहरू मध्येको एक निकाय *-सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय*को भूमिका स्पष्ट रूपमा परिभाषित गरिएको छैन ।
  - अहिले यस मन्त्रालयले कुनै पूर्व योजना विना नै खास खास आवश्यकता मात्र *(ad hoc basis)* सम्बोधन गर्ने गरी केही प्रयासहरू थालनीसम्म गरेको छ, न एउटा नोडल निकायको रूपमा आफ्ना काम कारवाही पुरा गर्न यससँग पर्याप्त जनशक्ति नै उपलब्ध छ ।
- सरकारी निकायहरूद्वारा गरिएका प्रयास/पहलका सम्बन्धमा पनि राम्रो समन्वय हुन सकेको छैन, जसले गर्दा उही क्षेत्रमा उही काम दोहोरिन पुगेको देखिन्छ ।

# अन्तरराष्ट्रिय विकास साझेदारहरूको अवलोकन

- सरकारले सङ्घीयतातर्फ आवश्यक कदम अघि बढाएको हेर्न सबै दातृ निकाय धेरै गम्भीर र इच्छुक रहेको देखिन्छ तथा आफ्ना कार्यादेश र नीति अनुसार सहयोग गर्न पूर्ण प्रतिबद्धता जनाएका छन् ।
- नेतृत्वको अभाव नै उनीहरूले प्रस्तुत गरेको मुख्य चासो रहेको देखिन्छ ।
- प्रक्रियाको समन्वय, अनुगमनकासाथै मार्गनिर्देशका लागि एउटा नोडल निकायको आवश्यकतालाई जोडदार रूपमा प्रस्तुत गरिएको छ ।
- यहाँ सन्चालित पहलहरू केन्द्रीय निकायद्वारा राम्ररी सोचिएको योजना वा रणनीतिविना गरिएको केवल एक सानो अंशको रूपमा रहेको पाइन्छ ।
- सरकारले यस्तो योजना तयार पार्नका लागि अनुरोध गरेको खण्डमा सहयोग गर्न विकास साझेदारहरू इच्छुक रहेका देखिन्छन् ।

# निष्कर्ष

- सङ्घीय प्रणालीमा जानका लागि सरकार तथा विकास साझेदारहरूद्वारा केही पहलहरू गरिएका छन् ।
- सङ्क्रमणकालको व्यवस्थापन गर्नमा सरकारतर्फ राजनैतिक नेतृत्वको अभाव रहेको देखिन्छ ।
- यहाँ प्रत्येक निकाय आफ्नै किसिमले जिम्मेवार रहेको देखिन्छ, तर यसमा नेतृत्व दिनका लागि कुनै विशेष निकाय भने तोकिएको छैन ।
- राज्य पुनःसंरचनाले उच्च प्राथमिकता पाएको छैन ।
- राज्य पुनःसंरचनासम्बन्धी मुद्दामा प्रमुख राजनैतिक दलहरू गम्भीर रहेको देखिँदैन ।

# सिफारिस

- सङ्घीय संरचनातर्फको सङ्क्रमणको निर्देशन, समन्वय तथा व्यवस्थापन गर्नका लागि प्रधानमन्त्रीको नेतृत्वमा एक उच्चस्तरीय आयोग
- आयोगमा सम्बन्धित मन्त्रीहरू सदस्य तथा मुख्य सचिव सदस्य सचिवको रूपमा रहेको हुनु पर्दछ।
- वर्तमान जिम्मेवारीलाई निरन्तरता दिइएको खण्डमा सङ्घीय मामिला मन्त्रालयले सङ्घीय प्रणालीसँग सम्बन्धित सङ्क्रमण तथा कार्यान्वयनसम्बन्धी मुद्दाहरूको समन्वयकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुनसक्छ। उपरोक्त भूमिका निर्वाह गर्न यस मन्त्रालयलाई व्यवस्थित तथा साधनस्रोत सम्पन्न बनाइनु आवश्यक हुन्छ।

# सिफारिस

- राम्ररी सोचिएको कार्यान्वयन प्रारूपले सम्बन्धित निकायहरूलाई नक्साङ्कन अभ्यास (एउटा म्याट्रिक्स तयार पार्नु पर्छ ।) मा आधारित रही तयार पारिएको समयसीमाकासाथ विशेष भूमिका तथा जिम्मेवारीलाई तोकेको हुन्छ ।
- केन्द्रीय, प्रान्तीय तथा स्थानीय तहमा निजामती सेवा, प्रहरी तथा न्यायपालिकाको सांगठनिक प्रारूप तयार गर्नु आवश्यक छ ।

# सिफारिस

- सरकारले वित्त आयोगको कार्यक्षेत्र तथा संरचना तथा विवाद निरुपण आयोगसम्बन्धी विधेयक तयार गर्नु पर्छ
- निजामती सेवा, प्रहरी तथा न्यायपालिकाका कर्मचारीहरूबीच विद्यमान सेवामै रहने वा नरहने भन्ने उनीहरूको इच्छाको अध्ययन गर्न एक विस्तृत सर्वेक्षण कार्य गर्नु पर्दछ । र, अध्ययनको निष्कर्षको आधारमा स्वेच्छिक अवकाश योजना (गोल्डेन ह्याण्डसेक) को विकास गर्नु पर्छ ।

# सिफारिस

- प्रान्तीय सीमाभित्रका स्वायत्त क्षेत्रहरूको पहिचान गर्नु तथा निजामती सेवा, प्रहरी तथा न्यायपालिकाको व्यवस्थापनका लागि प्रारूप तयार पार्नु आवश्यक रहेको छ ।
- सामान्य रूपमा संविधान लेखन तथा विशेषगरी प्रशासनिक व्यवस्थापनका लागि संविधानसभा सार्वजनिक संवादमा संलग्न हुनु आवश्यक छ ।
- स्थानीय तहमा सङ्घीयतासम्बन्धी व्यापक चेतना अभियानको शुरूवात गर्नु आवश्यक छ ।
- संवैधानिक संवादमा युवावर्गलाई संलग्न गराउने तर्फ विशेष ध्यान दिनु पर्छ ।

# सिफारिस

- दातृ निकाय/विकास साझेदारहरूले संविधानसभालाई संविधान निर्माणका विभिन्न पक्ष तथा चरणमा, विशेष गरी सङ्क्रमणकालको व्यवस्थापन तथा सङ्घीय प्रणालीको क्रमिक विकासका लागि प्रत्यक्ष सहयोग गर्नुपर्दछ ।

- सङ्घीय प्रणालीलाई संस्थागत गर्न सहयोग गरिरहेका विकास साझेदारहरूका कार्यक्रमलाई सरकारको सहभागिता तथा स्वामित्व अन्तर्गत सुदृढ गरिनुपर्छ ।

# निष्कर्ष

- अन्तरिम व्यवस्थापन योजना तथा संयन्त्रहरूको तयारीका लागि विषयगत समितिका प्रतिवेदनहरूले एउटा प्रारूप प्रदान गरेतापनि राजनैतिक साथै कर्मचारीतन्त्रको तहमा अहिले “पर्ख र हेर”को सोच वा अवस्था विद्यमान रहेको पाइन्छ । राम्ररी विचार गरिएका योजना तथा संयन्त्रहरूको अभावले गर्दा सङ्घीयताको कार्यान्वयनमा धेरै कठिनाई ल्याउनेछ र कार्यान्वयनका लागि पनि धेरै समय लाग्नेछ ।

# निष्कर्ष

- सङ्घीयतातर्फको सङ्क्रमणका लागि राजनैतिक तथा प्रशासनिक क्षेत्रबाट महत्वपूर्ण तथा पर्याप्त प्रयास गर्नुपर्ने तथा यो रातारात हासिल हुन सक्दैन भन्ने पक्षलाई माथिको विश्लेषणले देखाएको छ । सङ्घीय राज्यको सिर्जनाका लागि जग बसाल्नलाई धेरै वटा नयाँ कानुन तथा प्रशासनिक व्यवस्थाको निर्माण गर्नुपर्ने हुन्छ ।
- वित्तीय सङ्घीयतासम्बन्धी अध्ययनको उदाहरण लिँदै, सुझावका रूपमा प्रस्तुत म्याट्रिक्सलाई एउटा साधनको रूप लिई समान किसिमको अभ्यासहरू सञ्चालन गर्नु अति आवश्यक छ ।
- सुझावका रूपमा प्रस्तुत म्याट्रिक्सलाई एउटा साधनका रूपमा प्रयोग गरी प्रशासनिक व्यवस्थापनको पुनःसंरचना गर्नु ।

# सरकारी निकायद्वारा भर्नुपर्ने नमूना फारम

| संस्था | विध्यमान भूमिका र जिम्मेवारी | जिम्मेवारीको क्षेत्र (विषयगत समितिका अवधारणा पत्र अनुसार) | | |
|---|---|---|---|---|
| | | सङ्घीय | प्रान्तीय | स्थानीय |
| निजामती सेवा | | | | |

| पहिचान गरिएका समस्या | नीतिगत सिफारिश | जनशक्तिको आवश्यकता | जनशक्तिको व्यवस्थापन |
|---|---|---|---|
| | | | |